*एलेन जी. ह्वाइट इस्टेटको प्रस्तुति*

# सत्य बहुआयामिक पुनर्जागरणः सेभेन्थ-डे एडभेन्टिस्टहरूको महान् आवश्यकता र माग

**लेखकः**

एलेन जी. ह्वाइट

**( Ellen G. White)**

**भावानुवादकः**

भजुराम तखाछें श्रेष्ठ

**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**

सन् २०२४ (बि.सं. २०८१)

ईन्टरनेट वेबसाईटहरुः

- *https://www.nepalworks.com/bhajupurna*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*

सत्य आत्मिक जागरणः चर्चको महान् आवश्यकता

एलेन जी. ह्वाइट

**प्रतिलिपि अधिकार** © हिमालयन सेक्सनको निम्ति अभ सेभेन्थ-डे एडभेन्टिस्ट एलेन जी. ह्वाइट इस्टेटबाट

प्रथम संस्करण : २०८१ (ई.सं. २०२४)

**कम्प्यूटर लेआउट**

सुजीत कुमार साह

**bhajupurna@gmail.com**

(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक

उमेश कुमार पोखरेल

हिमालयन सेक्सन

काठमाडौं

☎ ९८४३२२८६०६

वितरकः कुबेर लामिछाने, ☎ ९८४१७१५०९५

# शुभ कामना

आजको चर्चको सबभन्दा ठुलो आवश्यकता भनेको नै आत्मिक पुनर्जागरणका हो भन्दा अर्को अर्थ नलाग्ला? दु:ख को कुरो यो छ कि आज धेरै सेभेन्थ-डे एडभेन्टिस्टहरू येशुलाई नचिनिकनै आफुहरू ईशाई हौं भनि दावी गर्छन्। एक ईशाईले जब सम्म येशुलाई भित्र देखि आत्मासात गर्दैन वा भित्र देखि चिनेको छैन, ऊ केवल बाहिरि आबरणमा मात्र ईशाई हुन्छ, तर ऊस्ले परमेश्वरको महान् योजना आफुलाई संमाहित गर्न सक्दैन। तिनीहरू इसाई हुँ भनेर दावी गर्न पनि सुहाउँदैन।

दिदि एलेन जी. ह्वाइट ले लेखनु भएको सत्य बहुआयामिक पुनर्जागरण: सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको महान् आवश्यकता र माग नामको पुस्तकलाई नेपाली भाषामा अनुबाद गरि हाम्रो हातमा ल्याई दिनुभएकोमा आदरणिय दाजु भजुराम तखाछेँ श्रेष्ठलाई हार्दिक धन्यवाद दिदै यो महत्वपुर्ण पुस्तकलाई परमेशवरको महिमा को खातिर प्रस्तुत गर्दछु।

**उमेश कुमार पोखरेल**

अध्यक्ष

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

**यस पुस्तकबारे जानकारी**

**सिंहावलोकन**

*यो इबुक, एलेन जी. ह्वाइट इस्टेटले उपलब्ध गराएको हो। उहाँका अरू पुस्तकहरूका साथै यो मुफ्तमा उपलब्ध गराएको छ।*

**लेखकका परिचयः**



एलेन जी ह्वाइट (१८२७-१९१५) अमेरिकन लेखकहरूमा अत्यन्तै धेरै अनुवाद गरिएको व्यक्तित्व हुनुहुन्छ। उहाँका पुस्तकहरू १६० भन्दा बेसी भाषाहरूमा अनुवाद गरिएका छन्। उहाँले १००००० भन्दा बेसी पानाहरू लेख्नु भएको थियो। उहाँका लेखहरूमा आध्यात्मिक र व्यावहारिक विषयवस्तुहरू समेटिएकाछन्। पवित्र आत्माले उहाँलाई अगुवाइ गरे अनुसार उहाँले येशूलाई उचाल्नुभएको थियो। येशूमाथिको विश्वासको आधार बाइबल नै हो भनेर उहाँले औँल्याउनुभएको थियो।

# विषय सूची


**यस पुस्तकको परिचय**

**भूमिका**

| अध्याय | शिर्षक | पृष्ठ |
|---|---|---|

**अध्याय १- वास्तविक बहुआयामिक पुनर्जागरणका निम्ति आह्वान......१**

चर्चको अत्यन्तै महान् आवश्यकता र माग

प्रतिद्वन्दी सैतानको निम्ति खुला ढोका

हामी प्रायश्चित्तका दिनमा छौं

चर्च उठ्नुपर्छ र पछुताव गर्नुपर्छ

सुधारका साथै पुनर्जारण हुनुपर्छ

सरल र साधारण माध्यमहरूको प्रयोग

**अध्याय २- आत्मपरिवर्तन-देखावटी हो कि वास्तविक..................१२**

परमेश्वरका वचनमा शक्ति

परिवर्तित जीवनको नयाँ जीवनशैली

नक्कली वा कृत्रिम पुनर्जागरणहरू- के फरक छ?

किन धोखामा पर्ने?

के परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई परिवर्तन...

परमेश्वरसँग सम्बन्ध विच्छेद र पुनर्मिलन-यो कसरी हुन्छ?

पवित्रीकरण-कसले गर्दछ?

घमण्ड वा सेखी गर्ने ठाउँ छैन

नक्कली वा देखावटी पवित्रीकरण-

बहुआयमिक परिवर्त्तित जीवन

दोषी ठहरिन छोडेको

**अध्याय ३- पुनर्जीवन पाएको इसाई वा येशूभक्त कसरी हुने..........२९**

विश्वास तथा आस्था-निर्धक्क विश्वास र भरोसा

कसैको सहायताबिना के म पश्चात्ताप गर्न सक्छु र?

जीवित परमेश्वरमाथिको विश्वास वा आस्था केवल...

उहाँमा नै धार्मिकता
पश्चात्ताप भनेको के हो?
कसले पश्चात्ताप गर्न चाहन्छ र?
अचम्मको अनुग्रह
मुक्ति वा अमर जीवन पाउन योग्य
मेरो र परमेश्वरका बिचमा केही छ त?
असल र परहितको काम विश्वासको नतिजा
उहाँका कदमहरूमा
**अध्याय ४- परमेश्वरका पनि विधि वा नीति नियमहरू छन्...........४२**
विशेष जिम्मेवारी
आज्ञा पालन गर्दा हुने सुखी
"तिमीले नगर्नु" भन्दा अपार
**अध्याय ५- आस्था वा विश्वास र काममा सन्तुलन....................४७**
जीवित गवाही
मेरो भाग के हो त?
के विश्वास गर्‍यो भन्दैमा केही नगरी सन्यास लिएर बस्ने त?
समानुपातिक सन्तुलन
मैले सक्दो गरेपछि-के त?
डुङ्गा चलाउने दुई डाँडी जस्तै
सन्तुलित सन्देश प्रस्तुत गर्नुपर्छ
**अध्याय ६- केवल "येशूमा" मात्र मुक्ति वा अमर जीवन.............५६**
"उहाँले मलाई अहिले नै उद्धार गर्नुहुन्छ"
किन चिन्ता गर्ने?
यसमा तपाईं भरपर्न सक्नुहुन्छ
पत्रुसको समस्या
कहिल्यै पनि "सन्तुष्ट" हुनुहुन्न
येशू ख्रीष्टसँग सम्बन्ध- केवल देखावटीमात्र हो कि वास्तविक?
यो अत्यन्तै व्यक्तिगत मामिला हो

हाँगाहरू छिनाल्नु
**अध्याय ७- नकली पुनर्जागरणदेखि होसियार..............................६६**
यो परीक्षा हो
केवल आश्चर्य वा अचम्म वा मानिसलाई चकित पार्ने...
सैतानले पनि बिरामीहरूलाई निको पार्न सक्छ
सन् १८६४मा भएको झुठो अन्य भाषाको बिगिबिगि
ठुलो ठुलो स्वरले बजाउने बाजाहरू, उत्तेजित भएर...
अनियन्त्रित रूपमा शरीरलाई उत्तेजित पार्नु
नाङ्गोपना
भ्रम
व्यवस्थित वा प्रभाव र भावनाहरूमा फरक
सैतानका दासहरू
अम्मल वा लागु औषधीहरूबाट प्रेरित वा उत्तेजित
अद्वैतवाद अर्थात् सबै जीव र अजीवहरूमा भगवानको...
तर्क र विवेकहीन व्यवहार वा चालाहरू
बहाना वा नाटक गरेर ठिक्क पार्नु
आफू पवित्र, निष्कपट वा चोखो छु भनेर दावी गर्नु
कुन आवाजलाई मैले विश्वास गर्ने वा आवाजमा भर पर्ने?
**अध्याय ८- युद्ध जारी नै छ..................................................८२**
पापले के गर्‍यो?
लगनशीलता र प्रयत्नको आवश्यक छ
यसमा विज्ञान छ
खेर फाल्ने समय छैन
निरन्तर रूपमा परमेश्वरमा भरपर्नु
सत्य वा बकबास अर्थात् अनावश्यक तर्क
के मसँग जवाफ छ त?

**अध्याय ९- नयाँ अनुभवलाई सुरक्षित राख्नु..............................९०**
पुनर्जागरण वा आत्मिक पुनर्जन्म पछि तहसनहस वा सङ्घर्ष
हठधर्मी वा अतिवादीको साथमा मानिसहरूलाई भ्रम पार्ने...
आशिष गुमाउने सजिलो उपाय
आत्मज्ञानले सम्पन्न हुँदा पनि अन्धकारमा पर्ने खतरा
जीवनकाञ विभिन्न खेलहरूप्रतिको मोहमा आत्मिक विजयको हार
परमेश्वरको बालक परमेश्वरसँग सहकार्य
के आशिष हृदयमा सजाइ राखिएको छ त?
आशिष नै अभिशाप वा श्रापमा परिणत भएको
अत्यन्तै होशियार हुनुपर्छ
प्रमाणहरूलाई पनि अस्वीकार गर्ने पाप
**अध्याय १०- सार्वजनिक सेवाकार्यको निम्ति विशेष अपिल..........१११**
सुरुका दिनहरूमा बाटल क्रिक
अमेरिकाको मिशिगन राज्यको टिटावासीमा निष्ठावान् काम
बाटल क्रिकमा सफलता
केही हिचकिचाएपछि प्रतिक्रिया
उनले स्विटजरलान्डमा काम सुरु गर्छिन्
नर्वेको ओसोलोको क्रिस्टियानमा
अडिग भएर निर्णायक देखाउनु
बेसेलमा परमेश्वरबाट हटेकाहरूलाई फिर्ता
अस्ट्रेलियामा उल्लेखनीय अनुभव
आशफिल्ड चर्चमा एडभनेन्टिस्ट नभएका पाहुनाहरूको...
बाटल क्रिक कलेजको निम्ति विशेष आह्वान
सान फ्रान्सिस्कोमा अगाडि बढ्न आह्वान
प्रत्येक चर्चमा गर्नुपर्ने त्यही खालको काम
१९०९ को जनरल कन्फरेन्समा प्रतिक्रिया

# भूमिका

## परिचय

आत्मिक पुनर्जागरण र त्यसको नतिजा प्रस्तुत गर्ने यो पुस्तकको आवश्यकता किन? धेरै मानिसहरू चर्चमा औपचारिक रूपमा आउँछन् र जान्छन्। आफूहरू चर्चमा सम्मिलित भएको भनेर ढुक्क मानेतापनि कतिपय मानिसहरू त्यो भन्दा बढी थोकको निम्ति भोका छन्। येशूभक्तका जीवनमा हुरीबतास चलिरहेको छ। आफ्नो जीवनमा ख्रीष्टको असली उपस्थिति भएको अनुभव गर्न चाहन्छ र आफ्नोमात्र होइन चर्चका विश्वासीहरूमा पनि येशूको उपस्थित भएको कतिपयले हेर्न चाहन्छन्।

मानिसहरू धर्म वा क्रिश्चियानिटीको औपचारिकताभन्दा भित्री हृदयदेखि केही न केही चाहना गरिरहेका विषयबस्तुहरू समेटिएर यो पुस्तक निकालिएको हो। एलेन जी. ह्वाइटले येशूप्रतिको गहिरो र व्यक्तिगत अनुभवको आवश्यकतालाई औँल्याउँदै येशूभक्तको जीवनमा आइरहने कमजोरीलाई पनि उनले औँल्याउँदछिन्। अरूहरूको त के, येशूकै अनुयायी वा भक्त भनेर दावी गर्नेहरूले परमेश्वरको व्यवस्था विपरित झुल्न चाहने सांसारिक मानिसहरूको बाटो छोडेर आफ्नो जीवन उहाँमा पुनःसमर्पित गरेर उहाँमा जिउन प्रतिबद्धता गरोस् भनेर उहाँले आह्वान गर्नुहुन्छ। सक्कली, इमान्दारी र परिपक्व परमेश्वरको चर्च हुनु आजको माग हो। त्यसको निम्ति प्रत्येक विश्वासीमा नव जीवन वा पुनर्जागरणको अनुभव गर्नु आवश्यकता छ। यहूदी धर्मगुरु निकोदिमसलाई नयाँ गरी जन्मिनुपर्छ भनेर येशूले गर्नुभएको आह्वान एलेन जी. ह्वाइटले प्रत्येक सेभेन्थ-डे एडभेन्टिस्टलाई पनि गर्नुहुन्छ। परमेश्वरको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा विशुद्ध सुधार गर्नु आवश्यक छ। भाकल गरेर बप्तिस्मा लिएको प्रत्येक सेभेन्थ-डे एडभेन्टिस्टको जिम्मेवारी छ त्यो हो युगको अन्त हुन लागेको चेतावनी संसारलाई दिनु। तर भाकल गरेपछि पूरा नगरी बस्ने सेभेन्थ-डे एडभेन्टिस्टहरूले नै चर्चलाई गलत प्रतिनिधित्व गरिरहेका हुन्छन्।

कसैका व्यक्तिगत कसरत, प्रयास वा चाहनालेमात्र कोही व्यक्ति सच्चा येशूभक्त हुन सक्दैन वा पुनर्जागरण हुँदैन। त्यसका निम्ति परमेश्वरको आत्माको शक्ति चाहिन्छ। जबसम्म पश्चात्ताप र सुधारिएको जीवन के हो सो थाहा हुँदैन वा अनुभव गर्दैन तबसम्म परमेश्वरका जनहरू हौं भनेर दावी गर्नेहरूलाई उहाँले पवित्र आत्मा दिनसक्नुहुन्न। यस मामिलामा एलेन ह्वाइटले लेख्दछिन्, "परमेश्वरले उहाँको जोशिलो आत्मा र शक्ति उहाँका छोराछोरी वा भक्तहरूलाई खन्याउनहुनेछ।" (ट्रु रिभाइभल पृ. १९)। तर, यस वरदानलाई खोज्न र चाहना गर्ने जिम्मेवारी उहाँका छोराछोरी वा उहाँका भक्तहरूको जिम्मेवारी हो। एलेन ह्वाइटका अनुसार, "कतिपय मानिसहरूले चर्चमा आउने पवित्र आत्मा कुनै भविष्यमा हुने भनेर विश्वास गर्छन्। तर, पवित्र आत्मा चर्चमा पाइने अवसर अहिले नै हो। यसका निम्ति खोजीनीति गर्नुपर्छ, प्रार्थना गर्नुपर्छ र विश्वास गर्नुपर्छ। पवित्र आत्मा हामीमा अहिले नै हुनुपर्दछ। सारा स्वर्ग चर्चमा पवित्र आत्मा खन्याउन पर्खिरहेको छ।" (इभान्जलिजम ७०१)।

मरेपछि होइन, अहिले नै पुनर्जन्मको अनुभव गर्नु, पापबाट निर्दोष, आत्मपरिवर्तन वा येशूमा आस्था राखेर चल्ने कदम केवल सुरुमात्र हो। तर, त्यसपछि ख्रीष्टमा अघि बढ्दै जाने खोइ त? जीवनभरको पवित्रीकरण वा शुद्धीकरण जीवनको अनुभवको बारेमा के भन्ने? येशूमा नयाँ जीवन हुने येशूभक्तहरू केवल उहाँको चर्चमात्र होइन उहाँमा नै जिइरहेको छ भनेर जीवनशैलीबाट नै प्रमाणित गरेर देखाउनुपर्दछ। तिनीहरू प्रभु येशू ख्रीष्टका अनुयायीहरू हुन् भनेर अरूहरूलाई कसरी आभास दिने? आत्मिक पुनर्जागरणको अर्थ पुनर्जन्म हो; पवित्र आत्माको शक्तिले आज्ञाकारी जीवन बिताउन सक्षम हुनु नै सुधारिएको, रूपान्तरित वा बदलिएको जीवन हो। आफ्ना सच्चा भक्तजनहरूलाई पवित्र आत्मा खन्याउन परमेश्वर पर्खिरहनुभएको छ।

पवित्र आत्माले भरिएको व्यक्तिले पापमाथि व्यक्तिगत विजय प्राप्त गरेको हुन्छ। उसले आफ्नो जीवनशैली येशूकै चाहना अनुसार

चलाएको हुन्छ। उसले येशूबाट पाएको जीवन र आशा अरूहरुलाई बाँड्न ताजा उत्साह, उमङ्ग, चाहना जागृत भइरहेको हुन्छ। त्यसका निम्ति उसले क्षमता पनि पाइरहेको हुन्छ। पवित्र आत्माको शक्तिले भरपूर भएर परमेश्वरका जनहरू युगका अन्तिम सन्देश सुनाउँदै अरूहरूलाई येशूको आगमनका निम्ति तयार पार्न खोजिरहेका हुन्छन्। सैतानले त्यस कामलाई रोक्न उसले आफ्नो पूरै शक्ति प्रयोग गरेको हुन्छ। "विश्वासमात्र गरे पुगिहाल्छ नि, अरू केही गर्नुपर्दैन" भनेर उसले सजिलो बाटो येशूभक्तहरूलाई देखाउन खोजिरहेको हुन्छ। परमेश्वरसँग व्यक्तिगत सम्बन्ध र सङ्गतिद्वारा पाउने शक्तिलाई उसले न्यूनीकरण गरिरहेको हुन्छ। पवित्र आत्माको शक्तिलाई निश्क्रिय पार्न उसले नक्कली आत्मिक जागरण भिडाउन खोज्छ। यदि परमेश्वरका जनहरू उहाँको वचनमा आधारित उहाँसँग गहिरो जीवित सम्बन्ध राखिरहेका छैनन् भने तिनीहरू सजिलैसँग सैतानको जालोमा फस्न सक्छन्। अरू सत्यका साथै के सही हो र के असत्य हो भन्ने जानकारी पाठकवृन्दहरूलाई दिन यो पुस्तक तयार पारेको हो।

एलेन जी. ह्वाइटले नै लेखेका *स्टेप्स टु क्राइस्ट नेपालीमा येशूभावना* अत्यन्तै लोकप्रिय र अत्याधिक मात्रामा वितरण गरिएको पुस्तक हो। यस पुस्तकमा येशूलाई स्वीकार गर्न आह्वान गरिए अनुसार धेरै मानिसहरूले आफ्नो जीवन उहाँमा समर्पित गरिरहेका छन्। अब यो पुस्तक सत्य पुनर्जागरणः *चर्चको सबभन्दा महान् आवश्यकता* त्यही *स्टेप्स टु क्राइस्ट* वा नेपालीमा *येशूभावना* सहयोगीका रूपमा प्रयोग गर्न सहयोग हुनेछ। आत्मिक जीवनमा पुन सच्चा र परिपक्व नवीकरण र पुनर्जागरणको अगुवाइ गर्न यो पुस्तक निकालिएको हो। अध्याय २-८ सानो पुस्तक *अ न्यु लाइफबाट* (सुरुमा *रिभाइबल एण्ड बियोन्ड* भनेर छापिएको थियो) र अध्याय १,९ र १० *सेलेक्टेड मेसेजेज* बुक १, पृ. १२१-१५२बाट उतारिएका हुन्। त्यस पुस्तकमा उल्लेखित पुनर्जागरण र सुधारको विषयमा लेखिएको धेरै अध्यायहरूबाट उद्धृत गरिएकोछ।

अहिलेको संसार भयाभव, पापै पाप र आतङ्कले भरिएको छ। संसारको पापमय इतिहास अन्त हुन लागेको छ। परमेश्वरका जनहरूलाई दिएको सारा संसारमा सुससाचार सुनाउने काम सम्पन्न गर्न पवित्र आत्मा खनिन उहाँ आतुरी हुनुहुन्छ। हामीले गर्नुपर्ने कामको निम्ति पनि पवित्र आत्माको खाँचो छ। परमेश्वरले विशेष काम दिन चाहनुहुन्छ, के त्यो काम गर्ने व्यक्ति तपाईं नै हुन सक्नु होला? पछिल्लो वर्षा वा पवित्र आत्माको वर्षा पाउन र प्रभुको सीघ्र आगमनका निम्ति तपाईं तयार हुन तपाईंमा आत्मिक पुनर्जागरण होस् र परिवर्तित सुधारिएको जीवन बिताएर सबैका सामु तपाईं ज्योति झैं चम्कूनुहोस् भनेर यस पुस्तकले सहयोग गरोस् भन्ने प्रकाशकको कामना छ।

एलेन जी. ह्वाइट इस्टेट र हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट